१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ६० ।। २०८१ चैत २३ गते शनिबार (5th Apr 2025 Saturay) | Pratidin National Daily | मूल्य-रु.५/-

## बिर्तामोडको यातायात कार्यालयमा ५० भन्दा बढी बिचौलिया



बिर्तामोड(प्रस) । सरकारले निगरानी नगरेपछि अखडा जमाउँदै आएका बिर्तामोडको यातायात व्यवस्था कार्यालयमा ५० भन्दा बढी विचौलिया रहेको अनुमान गरिएको छ । विचौलियाहरुको विगविगीका कारण धेरै हैरानी बेहोर्नु परिरहेको सेवाग्राहीहरुले पटक पटक गुनासो गरेपछि प्रहरीले पहिलो पटक शुक्रवार स्ट्रीङ अपरेशन गरी दुई महिलासहित ९ जनालाई पक्राउ गरेको छ । यातायात ब्यबस्था कार्यालयमा पछिल्लो केही समययता त्यहाँ कार्यरत कर्मचारी र बिचौलियाको मिलेमतोमा व्यापक ठगी भइरहेको गुनासो आएपछि प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयको आदेशमा सादा पोसाकमा नेपाल प्रहरीको टोलीले स्ट्रीङ अपरेशन गरेको थियो । पक्राउ पर्ने बिचौलियाहरुमा बिर्तामोड १ बस्ने वर्ष २७ का सुरज आचार्य, सोही वडाका बर्ष ४२ का तुलसी खतिवडा, कन्काई १ बस्ने बर्ष २० का दिवस राई , बिर्तामोड ५ बस्ने बर्ष ४३ का रामप्रसाद ढकाल, बिर्तामोड १ बस्ने बर्ष २४ की गरिमा घिमिरे , बिर्तामोड १ बस्ने बर्ष ५२ की सीता भेटवाल , बिर्तामोड १ बस्ने बर्ष २९ का रोशन आचार्य , बिर्तामोड ३ बस्ने बर्ष २६ का युवराज लिम्बू र बिर्तामोड २ बस्ने बर्ष २४ का टंकप्रसाद राजवंशी रहेका छन् । उनीहरुलाई अभद्र व्यवहार मुद्धामा पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिए ।

सेवाग्राहीहरुले मौखिक कम्प्लेन गरेपछि प्रहरीले स्ट्रीङ अपरेशन गरेको विष्टले जानकारी दिए । यातायात व्यवस्था कार्यालयमा विचौलियाहरुको विगविगी रहेको गुनासो आएपछि विचौलियाहरुको संख्या यकिन गर्न नसकिएपनि अरु पनि विचौलिया हुन सक्ने भनेर प्रहरीको निरन्तर निगरानी रहने उनले बताए । आफूहरु कार्यालयभित्र रहने भएकाले बाहिर के कति विचौलिया छन् भनेर थाहा नभएको यातायात व्यवस्था कार्यालयका प्रमुख प्रेम सापकोटाले बताए । उनले विचौलियाले दिने गरेको दुःखका बारेमा आफूकहाँ पनि गुनासो आउने गरेको बताउँदै त्यसलाई नियन्त्रण गर्न प्रहरी प्रशासनले निरन्तर लाग्नुपर्नेमा जोड दिए । कार्यालय प्रमुख सापकोटाले विचौलियाको बारेमा थाहा नभएको दावी गरेपनि कर्मचारीकै मिलेमतोमा विचौलियाहरुले व्यापक ठगी गरिरहेको सेवाग्राहीहरुको गुनासो छ । कार्यालयहरुमा सोधपुछ शाखा हुन्छ । कहाँ जाने, के गर्ने अन्योल भए सोधपुछ शाखामा सोध्ने हो । तर, यातायात कार्यालयको सोधपुछ शाखाभन्दा विचौलियाको शाखा छिटोछरितो छ । विचौलियाहरु सोधपुछका लागि गेटमै आइपुग्छन् । नजानेको विषयमा जानकारी लिँदा कर्मचारी झर्कने गरेको सेवाग्राहीको गुनासो छ । विचौलियाका कारण सेवाग्राही हैरान छन् । विचौलियाले बढी पैसा लिएर कर्मचारीसँग मिलेर काम गर्ने गरेको आरोप लाग्ने गरेको छ । यातायात कार्यालयमा सेवाग्राहीको सधैं भीड लाग्छ । कति सेवाग्राही कता जाने, के गर्ने भन्ने अलमलमा हुन्छन् । विचौलियाहरु गेटमै आइपुग्छन् । 'तपाईंलाई लाइसेन्स रिन्यु गर्न पूरै दिन लाग्छ म एकैछिनमा गरेर ल्याइदिन्छु ' विचौलियाहरु यसरी ठग्छन् । यातायात कार्यालयको अस्तव्यस्तता र भद्रगोलले सेवाग्राहीहरुलाई आजित बनाउँछ । बीच-बीचमा विचौलिया घुस्दा सेवाग्राही घण्टौं लाइनमा बस्न बाध्य भइरहेका छन् । पाँच मिनेटको कामका लागि पूरै दिन बिताउनुपर्ने बाध्यतामा सेवाग्राही छन् । जसको फाइदा विचौलियाहरुले उठाइरहेका छन् । विचौलियाका कारण सेवाग्राही मर्कामा परिरहेपनि जिम्मेवार निकायले अनुगमन गर्ने गरेको पाइदैन ।

## पाँचथरमा डढेलोमा परी मृत्यु हुनेको संख्या दुई पुग्यो





झापा(प्रस) ।पाँचथरमा डढेलोमा परी मृत्यु हुनेहरुको संख्या दुई पुगेको छ । गम्भीर घाइते भएकी थप एक महिलाको उपचारको क्रममा मृत्यु भएको हो । बिहीवार अपरान्ह फिदिम नगरपालिका-१३ जौबारीस्थित रानी सामुदायिक वनमा लागेको डढेलोमा फस्दा फिदिम नगरपालिका-१३ की ४७ वर्षीया उषाकला राई नेम्वाङ घाइते भएकी थिइन्।

उनको उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा आज बिहान बाटोमै मृत्यु भएको पाँचथरका प्रहरी प्रमुख डीएसपी कौशल बुढाथोकीले जानकारी दिए। उनका अनुसार नेम्वाङलाई सिन्धुली पुर्याइएको थियो।

यसअघि बिहीवार मात्रै पाँचथरकै कुम्मायक गाउँपालिका-३ की २२ वर्षीया प्रतिमा सम्बाहाम्फेको उपचारका लागि लैजाने क्रममै मृत्यु भएको थियो । कुम्मायक-३ ताम्राखु जंगलमा लागेको डढेलोमा परी गम्भीर घाइते भएकी उनको उपचारका लागि लैजाने क्रममा भेडेटारमा पुग्दा मृत्यु भएको थियो। सोही डढेलोमा परी जलेर घाइते भएका २८ वर्षीया सपना सम्वाहाम्फे, उनकी ११ वर्षीया छोरी सिवाना सम्बाहाफे र ६० वर्षीया निरमाया सम्बाहाफेको विराटनगरस्थित सिटि अस्पतालमा उपचार भइरहेको छ। उनीहरूको पनि अवस्था गम्भीर छ। कुम्मायक गाउँपालिका-१ खाल्डेमा लागेको आगो निभाउने क्रममा स्थानीय ३१ वर्षीय खगेन्द्र विश्वकर्मा लडेर घाइते भएका थिए। उनको अवस्था भने सामान्य छ।

यसैबीच पाँचथरको फिदिम नगरपालिका ४ र १० का सार्वजनिक तथा निजी वनमा आगो लगाउने तीन जनालाई प्रहरीले पक्राउ गरी मुद्दा दर्ता गरेको छ । पक्राउ पर्नेमा फिदिम नगरपालिका-४ की सुकमाया तामाङ, फिदिम-१० की सुजिता खजुम र दिलु खजुम रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरुमध्ये सुकमाया तामाङले चैत १९ गते आफ्नै बारीमा झिक्रा डढाउन बालेको आगो स्थानीय सिंहदेवी सामुदायिक वनमा सल्केको थियो । यस्तै, सुजिता र दिलुले पनि चैत १९ गते दिउँसो आफ्नो बारीको पात पतिङ्गर डढाउने क्रममा बालेको आगो सल्किएर खलंगाटार माविको वन क्षेत्रमा प्रवेश गरेको थियो ।

दुवै ठाउँको आगो स्थानीय प्रहरीले निभाएका थिए । नियन्त्रणपछि सोधपुछका क्रममा उनीहरुले आगो सल्काएको खुलेपछि पक्राउ गरी आपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरी पहिलो चरणमा पाँचथर जिल्ला अदालतबाट ५-५ दिनको म्याद थप गरेर अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी प्रहरी निरीक्षक बिनालाल साह (तेली) ले जानकारी दिए । पछिल्लो समय जिल्लाका विभिन्न वन जंगलमा आगो सल्काउने क्रम बढेको छ ।

## सामुदायिक वनमा वनभोज कार्यक्रम नगर्न आग्रह



मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले सामुदायिक वनहरुमा वनभोज कार्यक्रम नगर्न आग्रह गरेका छन् ।

मेचीनगर-३ स्थित तेलपानी सामुदायिक वन उपभोक्ता समूहको परिसरमा सामुदायिक वन उपभोक्ता महासंघ मेचीनगरले आयोजना गरेको स्रोतविहीन सामुदायिक वनको सम्भावना र चुनौति विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो आग्रह गरेका हुन् ।

नगरप्रमुख बुढाथोकीले सामुदायिक वनमा वनभोजका नाममा ठुलो आवाजमा माइक बजाएर ध्वनि प्रदूषण गर्ने, प्लास्टिकका बोतलहरु फाल्ने, फोहोर गर्नेलगायतका कारणले बोटविरुवा मर्ने, जीवजन्तु भाग्ने बताए ।

उनले भने-'वनमा फेलिङ र पुलिङका नाममा जनावरहरुले खाने वनस्पतिहरु मासिएका छन् । कुसुम, खिरा, यमुना, अंगेरी, देव्रे लहरालगायत प्रजातिका वनस्पति लोप भएकाले जीवहरु हराए ।'

चुरे क्षेत्रको संरक्षण गर्न सके वन, वनस्पति र जीवहरु जोगाउन सकिने उनको भनाई छ । उनले खोला किनारमा वृक्षरोपण र बाँसहरु रोप्न आग्रह गरेका छन् ।कार्यक्रममा नगरप्रमुख बुढाथोकी, २ नं.वडाका वडाध्यक्ष दिपक बराल, डिभिजन वन कार्यालय झापाका प्रमुख भरतबाबु श्रेष्ठ, सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, तेलपानी सामुदायिक वनका अध्यक्ष बुद्ध लिम्बू, वडा नं.१ को दुधेचौरी सामुदायिक वनकी सचिव संगीता पुरी, भीमसेन कृष्णथुम्की सामुदायिक वनका अध्यक्ष एकराज घिमिरे, वडा नं.३ को महिला सिर्जना सामुदायिक वनकी अध्यक्ष गायत्रा पौडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सोही अवसरमा भर्खरै डिभिजन वन कार्यालय झापा आएका श्रेष्ठलाई स्वागत सम्मान गरिएको थियो ।

मेचीनगरमा १३ वटा सामुदायिक वनहरु रहेका छन् । त्यसमध्ये ३ वटा सामुदायिक वनहरुको अवस्था संकटमा रहेको छ । जसमा दुधेचौरी सामुदायिक वन, भीमसेन कृष्णथुम्की सामुदायिक वन र महिला सिर्जना सामुदायिक वन समस्यामा छन् । यी स्रोतविहीन सामुदायिक वनका विषयमा छलफल भएको थियो ।

यी वनहरुको क्षेत्रफल कम्ति, आय स्रोत नभएको, मदन भण्डारी राजमार्गले छोएको, रुखहरु काट्नु पर्ने अवस्था रहेको, नदी कटानमा परेको लगायतका कारण मर्ज गर्ने कार्ययोजना बनाएर डिभिजन वन कार्यालयमा प्रस्ताव लाने विषयमा छलफल भएको बताइएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ मेचीनगरकी अध्यक्ष जानुका ओलीले स्वागतसहित कार्यक्रमको अध्यक्षता गरेकी थिइन् । कार्यक्रमको सञ्चालन नगर महासंघका महासचिव खेमराज राईले गरेका थिए ।

## रास्वपा सभापति रवि लामिछाने पक्राउ

झापा(प्रस) । रास्वपा सभापति रवि लामिछाने पक्राउ परेका छन् । उच्च अदालत तुलसीपुरको बुटवल इजलासले सहकारी ठगीमा लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश जारी गरेसँगै लामिछाने पक्राउ परेका हुन् ।

उनलाई बुढानीलकण्ठस्थित घरबाटै प्रहरी टोलीले शुक्रबार राति पक्राउ गरेको हो ।

प्रहरी स्रोतका अनुसार उनलाई काठमाडौं प्रहरी परिसरमै राखिने भएको छ ।उच्च अदालत तुलसीपुरको बुटवल इजलासले बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा रास्वपाका सभापति लामिछानेलाई थुनामा पठाउने आदेश दिएको थियो ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासको न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीको इजलासले लामिछानेलाई धरौटीमा छाड्ने जिल्ला अदालत रुपन्देहीको आदेश बदर गरेको हो । योसँगै गोरखा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशीलाई थुनामा पठाउने जिल्ला अदालतको आदेश पनि उच्चले सदर गरेको छ ।

सुप्रिम सहकारीमा रवि, छवि र गितेन्द्रबाबु (जीबी) राईसहित ४२ जनाको संलग्नतामा सहकारीको ५५ करोड बढी रकम अपचलन भएको र रवि, छवि र जीबीले मात्र छुट्टै १० करोड ९९ लाख ३६ हजार रकम अपचलन गरेको पूरक अभियोगसहितको मुद्दामा रूपन्देही जिल्ला अदालतले रविलाई १ करोड धरौटीमा छाडेको थियो । सोही मुद्दामा छविलाल जोशीलाई भने पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

समान प्रकृतिको मुद्दामा रविलाई धरौटी र छविलाई थुना भएपछि सरकारी वकिल कार्यालयले रविलाई पनि थुनामै राख्नु पर्ने अपिल गर्दै उच्च अदालत पुगेको थियो । त्यस्तै छविले पनि धरौटीमा छुट्न पाउनु पर्ने भन्दै उच्चमै निवेदन दर्ता गराएका छन् । सोही मुद्दामा धरौटी लिएकोमा साधारण तारेखमै मुद्दा लड्न पाउनु पर्ने भन्दै रविले पनि ७३ नम्बर दर्ता गराएका थिए । समान प्रकृतिका मुद्दामा छुट्टाछुट्टै ७३ नम्बर दर्ता भएपछि उच्च अदालत बुटवले एकैसाथ हेर्ने आदेश दिएको थियो ।

उच्च अदालतको आदेशअनुसार थुनामा नराखी मुद्दा लड्नुपर्ने छविको माग, रविलाई धरौटीमा नछाडी थुनामा राख्नुपर्ने सरकारी वकिलको माग र रविको धरौटीबिना साधारण तारेखमा बस्न पाउने निवेदनसहित तीनवटै मुद्दालाई जोडेर बिहीबार एउटै पेशीमा राखिएको थियो । सोही पेशीमा भएको बहस नसकिएपछि मुद्दा हेर्दाहेर्दैमा राखिएको हो ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# ५ करोड बराबरका ४३ वटा बीमा मागदाबी



झापा(प्रस) ।राजावादीहरूको अराजक आन्दोलनमा क्षति भएका सम्पत्तिमा ४३ वटा मागदाबी परेको छ । नेपाल बीमा प्राधिकरणको तथ्यांक अनुसार बुधबारसम्म ४ करोड ८७ लाख रुपैयाँ बराबरको मागदाबी परेको हो ।
उक्त मागदाबीमध्ये ३३ वटा मोटरबीमा अन्तर्गत रहेका छन् । यसबापत १ अर्ब २२ करोड रुपैयाँ बराबरको मागदाबी परेको प्राधिकरणले जनाएको छ । उक्त दाबीमध्ये २ वटा दाबीबापत ४३ हजार ८२२ रुपैयाँ भुक्तानी भइसकेको प्राधिकरणले जनाएको छ ।
त्यस्तै, सम्पत्ति बीमातर्फ १६ वटा बीमालेखका ३ करोड ११ लाख ६६ हजार रुपैयाँको मागदाबी प्राप्त भएकोमा हालसम्म कुनै भुक्तानी नभएको जनाएको छ ।
त्यस्तै, इञ्जिनियरिङ बीमातर्फ ३ वटा बीमालेखमार्फत् ३७ लाख रुपैयाँ तथा विविध बीमातर्फ २ वटा बीमालेखमार्फत् १० लाख १ हजार १३० रुपैयाँ बराबरको दाबी परेको प्राधिकरणले जनाएको छ । विविध बीमा अन्तर्गत ११३० रुपैयाँ भुक्तानी भएको छ ।
दाबी भुक्तानीका लागि सबैभन्दा धेरै मागदाबी राष्ट्रिय बीमा कम्पनीमा परेको छ । उक्त कम्पनीमा २ वटा बीमालेखबापत १ करोड २७ लाख रुपैयाँ मागदाबी परेको प्राधिकरणले जनाएको छ ।
त्यस्तै, सिद्धार्थ प्रिमियर इन्स्योरेन्समा ८ वटा बीमालेखबापत १ करोड १७ लाख ५० हजार रुपैयाँ, सगरमाथा लुम्बिनी इन्स्योरेन्समा ५ वटा बीमालेखमा ६८ लाख ९१ हजार २१३ रुपैयाँ, नेको इन्स्योरेन्समा चार वटा बीमालेखबापत ५२ लाख रुपैयाँ, ओरियन्टल इन्स्योरेन्समा एउटा बीमालेखबापत ४७ लाख ५० हजार रुपैयाँ, नेशनल इन्स्योरेन्समा ११ वटा बीमालेखबापत २० लाख ७५ हजार रुपैयाँको मागदाबी परेका छ ।

त्यस्तै, हिमालय जनरल इन्स्योरेन्समा एउटा बीमालेखबाट १६ लाख ९५ हजार रुपैयाँ, आईजीआई प्रुडेन्सियलमा ४ वटाबीमालेखमा १४ लाख ६० हजार रुपैयाँ, शिखर इन्स्योरेन्समा ५ वटा बीमालेखबापत १३ लाख २५ हजार १२ रुपैयाँ, नेपाल इन्स्योरेन्समा एउटा बीमालेखबापत ८ लाख ७१ हजार ७९५ रुपैयाँ, प्रभु इन्स्योरेन्समा एउटा बीमालेखबापत ५० हजार रुपैयाँ मागदाबी परेको छ ।

मागदाबी प्राप्त भएकोमध्ये शिखर इन्स्योरन्सले ५ मध्ये ३ वटा दाबीको ४५ हजार १२ रुपैयाँ भुक्तानी दिइसकेको जनाएको छ । बाँकी कम्पनीहरूले भने अहिलेसम्म भुक्तानी दिएका छैनन् ।
गत शुक्रबारको घटनापछि बीमा प्राधिकरणले आइतबार क्षति भएका बीमालेखको शीघ्र भुक्तानी गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिएको थियो । यद्यपि यो प्रारम्भिक रिपोर्ट मात्रै हो । आगामी दिनमा थप मागदाबी प्राप्त हुनसक्ने प्राधिकरणले जनाएको छ ।

# फुसको छानामुक्त हुने अभियानमा मैवाखोला

झापा(प्रस) । ताप्लेजुङको मैवाखोला गाउँपालिकालाई फुस (खर) को छानामुक्त पालिका बनाउने अभियान सुरु गरिएको छ । गाउँपालिकाले हालसम्म फुसको छाना भएका सबै परिवारको घरको छाना विस्थापन गरी जस्तापाता लगाउने र पालिकालाई नै फुसको छानामुक्त बनाउने अभियान सुरु गरेको हो । गाउँपालिकाले लाभग्राही अर्थात फुसको छाना भएका घर परिवारको छाना विस्थापन गर्ने र जस्तापाता लगाई दिने कार्यक्रम अघि सारेको छ । फुसको छाना विस्थापन गरी पालिकालाई नै फुसको छानामुक्त बनाउने गरी कार्यविधि नै बनाएर गाउँपालिकाले फुसको छाना विस्थापन गर्ने कार्यक्रम अघि बढाएको जनाएको छ ।
मैवाखोला गाउँपालिकाले जारी गरेको फुसको छाना विस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ अनुसार लाभग्राही समूहमा पर्ने परिवारको घरमा भएको फुसको विस्थापन गरिने छ । लाभग्राही समूहमा नपर्ने परिवारका लागि पनि कार्यविधिमा स्पष्ट व्यवस्था गरिएको छ । गाउँपालिकाभित्र एकभन्दा बढी घर भएको, घर फुसले र गोठ तथा भण्डारण घर जस्तापाता वा ढुङ्गाले छाएको अवस्थामा त्यस्ता परिवारलाई कार्यक्रममा नसमेटिने कार्यविधिमा उल्लेख गरिएको छ । त्यस्तै, लाभको पद लिएका परिवार, जिल्लाभित्र वा बाहिरसमेत एकभन्दा बढी घर भएका, गाउँपालिकाभित्र पक्की घर भएका, वडा कार्यालयबाट लाभग्राहीको रूपमा सिफारिस गर्न नमिल्ने र अन्य क्षेत्रबाट आएर अर्काको घरमा रुँघालु बसेका परिवारसमेत फुसको छाना विस्थापन कार्यक्रमको लाभग्राहीमा नपर्ने उल्लेख छ । यता प्राकृतिकजन्य विपतका कारण घरबारविहीन भएका परिवार, अपाङ्ग घरमुली भएको परिवार, विपन्न, असहाय परिवार फुसको छाना विस्थापन कार्यक्रमको लाभग्राहीमा पर्दछन् ।

यसैगरी, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका, एकल महिला भएको परिवार, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि पारिएका दलित, आदिवासी जनजाति तथा अल्पसंख्यक परिवारलाई भने लाभग्राहीको प्राथमिकता सूचीमा पर्ने कार्यविधिमा उल्लेख छ । यता फुसको छाना विस्थापन कार्यक्रम कार्यान्वयन अन्तर्गत गाउँपालिकाले लाभग्राहीसमक्ष आवेदन आह्वान गरेको गरेको छ ।

# ग्वाली जल्दा चौपायासहित साढे ७ लाखको क्षति



झापा(प्रस) । झापाको अर्जुनधारा-२ मा शुक्रवार बिहान आगलागी हुँदा चौपायासहित साढे ७ लाख बराबरको क्षति भएको छ ।
बिहान करिव ३.३० बजेतिर कुलचन्द्र पोखरेलको टिनको छानो भएको एकतले ग्वालीमा विद्युत सर्ट भई आगलागी भएको हो । आगलागीबाट गाईको एउटा बाछो जलेर मरेको छ भने ग्वाली र ग्वालीभित्र रहेका आलु , धान , दाउरा , कुटी काट्ने मेशिन र छेउमा रहेको परालको कुन्यू जलेर नष्ट हुँदा ७ लाख ५० हजार बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिए ।

प्रहरी चौकी खुदुनावारी र सशस्त्र प्रहरी वेश क्याम्प खुदुनावारीको प्रहरी टोली , बिर्तामोड र मेचीनगर नगरपालिकाको दमकल तथा स्थानीयको सहयोगमा बिहान ५ बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगो निभाउने क्रममा घरधनी पोखरेललाई जलन भएको बताइएको छ ।

# फरक क्षमताकी युवतीलाई जबरजस्ती करणी गर्ने पक्राउ



झापा(प्रस) । फरक क्षमता भएकी युवतीलाई जबरजस्ती करणी गर्ने झापा हल्दिवारीका एक युवक पक्राउ परेका छन् ।

भारत आसाम घर भई हाल हल्दिवारी वडा नं.१ कोचाटोलीमा काकाको घरमा बस्दै आएका २७ वर्षीय सन्तोष कार्कीले बिहीवार दिउँसो ती युवतीलाई बाँसघारीमा जवरजस्ती करणी गरेका थिए ।

प्रहरी चौकी गोलधापबाट प्रहरी टोली खटिएर बुझ्दा पिडकले पीडितलाई चैत ६ गतेदेखि पटक पटक जबरजस्ती करणी गर्ने गरेको बुझिएको, छ । कार्कीलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय झापामा राखी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# डान्सवारमा विवाद ,बाउन्सरमाथि हतियार प्रहार

झापा(प्रस) ।
सुनसरीको इटहरीमा रहेको क्लव के डान्सबारमा मध्यरातमा विवाद भएको छ । बिहीवार राति अन्दाजी १२:४० बजे इटहरी -६ इटहरी चोकस्थित क्लव के डान्सबारमा आएका तत्काल उमेर नखुलेका वडा नं.८ हाटखोला बस्ने सुशिल राजवंशी,आशिष चौधरी,सूर्य गुरुङ, खनार घर भएका सुजन बिष्टलगायत ७/८ जना युवाको समूहले क्लबमा कार्यरत बाउन्सरसंग विवाद गरेका थिए । बाउन्सरलाई काट्छौ भन्दै उनीहरु निस्किएका थिए । त्यसरी विवाद गर्नेहरुलाई क्लवका बाउन्सरहरुले खोजी गर्दै जाने क्रममा क्लवका बाउन्सर इटहरी ५ बस्ने ३० वर्षीय बिजय मगरमाथि युवाहरुले धारिलो हतियार प्रहार गरेका थिए । उनको बाँया पाखुरा काटिएको छ । उनलाई उपचारको लागि इटहरीस्थित सामुदायिक पोलिक्लिनिक लगिएको छ । इलाका प्रहरी कार्यालय इटहरीबाट मोवाइल टोली परिचालन भई ती युवाहरुको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# इलामको शुक्रवारेमा लागूऔषधसहित दुईजना पक्राउ



झापा(प्रस) । इलाम माई नगरपालिकाको शुक्रवारेमा लागूऔषधसहित दुईजना पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा एकजना नाबालिका रहेकी छन् ।
बिहीवार दिउँसो ४ बजे माई नगरपालिका ४ शुक्रबारेमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी चौकी दानाबारी र जिल्ला प्रहरी कार्यालय इलामको बिशेष प्रहरी टोली खटिएको थियो । पैदलयात्री ४ शुक्रबारे वस्ने अन्दाजी ४६ वर्षीय देउकुमार नेम्वाङलाई शंका लागेर चेकजाँच गर्दा उनले बोकेको हरियो रङको झोलाभित्र रहेको जिन्सको पाईन्टमा लुकाई छिपाई ल्याएको ब्राउनसुगर फेला परेको थियो । प्लाष्टिकले वेरी सानोसानो पोका बनाई राखेको २ पोका फेला पारी उनलाई थप अनुसन्धान गर्दा सोही ठाउँ बस्ने १७ वर्षीया नाबालिकाको पाइन्ट हो भन्ने खुल्न आएकोले दुवै जनालाई ०.२८० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिई थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय इलाममा राखिएको छ ।

# अग्रसेन भवनको रजत उत्सव माथिल्लो तला उद्घाटन



बिर्तामोड(प्रस) ।झापाको बिर्तामोडस्थित अग्रणी सामाजिक संस्था अग्रसेन रजत महोत्सवको अवसर पारेर अग्रसेन भवनको नवनिर्मित माथिल्लो तला उद्घाटन गरिएको छ । भवनले शुक्रवार भव्य समारोहका बीच माथिल्लो तलामा नवनिर्मित माधवी ब्याङ्क्वेट हल र अयोध्यापुरी कक्षको उद्घाटन गरेको हो ।
माथिल्लो तलामै आयोजित समारोहका प्रमुख अतिथि भवनका सल्लाहकार, समाजसेवी, गौसेवक जगदीशकुमार मिण्डा, समाजसेवी छविलदास वंशल, प्रख्यात रामकथावाचक हरिद्वार निवासी नवराज प्रपन्नजी महाराज, समाजसेवी धवानीशंकर मिण्डा, नेपाल राष्ट्रिय मारवाडी परिषदका उपाध्यक्ष भिखमचन्द सरल, महासचिव चतुर्भुज सरियालगायतले संयुक्त रुपमा रिवन काटेर र शिलालेख अनावरण गरेर नवनिर्मित हल र कक्षको उद्घाटन गरेका थिए ।
सो अवसरमा भवनका अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'ले माथिल्लो तला निर्माणका सम्बन्धमा जानकारी गराउँदै सभाहल र कक्षहरु वातानुकूलित र सुविधासम्पन्न ढंगले निर्माण गरिएको जानकारी दिए । उनले संरचना निर्माणका लागि समुदायले मन खोलेर सहयोग गरेको भन्दै सहयोगीहरुलाई धन्यवाद दिए । भवनका पूर्व अध्यक्ष शिवकुमार अग्रवालले सञ्चालन र बालिका दृष्टि मित्तलद्वार स्वागत नृत्यबाट स्वागत गरिएको सो समारोहको अवसरमा अग्रसेन भवनको स्थापना तथा निर्माणमा विशेष योगदान पुर्‍याएकोमा भवनका पूर्व अध्यक्षहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा संस्थापक अध्यक्ष सुरेशकुमार वंशल, दिनेशकुमार मित्तल, बाबुलाल वंशल, मोहनकुमार मित्तल, शिवकुमार अग्रवाल र हनुमानप्रससाद मित्तल रहेका छन् । त्यस्तै स्थापनाकालदेखि नै भवनको निर्माण र विभिन्न रचनात्मक भूमिका निर्वाह गर्दै आएका वर्तमान अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'लाई पूर्व अध्यक्षहरुको तर्फबाट विशेष सम्मान गरिएको थियो । सम्मानितहरुलाई समारोहका प्रमुख अतिथि मिण्डाले दोसल्ला ओढाएर सम्मानपत्र हस्तान्तरण गरेका थिए । यसैगरी, सोही समारोहमा अग्रसेन भवनले तयार पारेको रजत वर्ष स्मारिका पनि विमोचन गरिएको थियो ।

यस्तै, भवनकै आयोजनामा सञ्चालन हुने नौदिवसीय दिव्य श्रीराम कथाको पनि शुक्रवार नै शुभारम्भ गरिएको अध्यक्ष भद्रपुरेले जानकारी दिए ।
२९ गतेसम्म सञ्चालन हुने राम कथा हरिद्वार भारतका प्रसिद्ध कथावाचक नवराज प्रपन्नजी महाराजले वाचन गर्ने रजत उत्सव प्रचार प्रसार समितिका संयोजक सन्तोष अग्रवालले जानकारी दिए । रामकथा तथा रजत उत्सवकै अवसर पारेर रक्तदान, २६ जनालाई कृत्रिम खुट्टा वितरण र औषधिरहित जीवन जिउनका लागि सहयोग पुर्‍याउन सात दिवसीय योग शिविर आयोजना गरिएको उनले बताए ।

रामकथाको सन्दर्भमा शुक्रवार विहान विर्तामोडमा विभिन्न झाँकीसहित मानसग्रन्थ एवम् कलश शोभायात्रा आयोजना गरिएको थियो ।

अग्रसेन भवनको रजत उत्सव तथा राम कथालाई सफल बनाउन मारवाडी समुदायका विभिन्न संघ-संस्थाले सहयोगी भूमिका निर्वाह गरेको बताइएको छ ।


## यस बैंकमा रहेका विगत १० वर्षदेखि निष्कृय (Dormant) खाताहरुको बारेमा सार्वजनिक सूचना ।

यस बैंकका विभिन्न शाखाहरुमा खाता खोली विगत १० वर्षदेखि सो खाताबाट कारोवार नभएका,शून्य मौज्दात भएका र सो खातामा हकदावी नपरेका निक्षेप खाता सम्बन्धी विवरणहरु यस बैंकको वेवसाइट www.edb.com.np मां राखिएको छ । अतः खाता संचालन गर्न हुन वा हकदावी भए सो गर्न हुनको लागि यस बैंकको नजिकको शाखामा सम्पर्क राख्नहुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराउंदछौं ।

पुनश्च:नेपाल राष्ट्र बैंकको इ.प्रा.निर्देशन नं.१६/०८१ बुँदा नं.३(४) बमोजिम २० बर्ष भन्दा बढी निष्कृय रहेका खाताहरुमा जम्मा भएको रकम बैंकिङ्ग विकास कोषमा जम्मा गरिने व्यवस्था रहेको व्यहोरा पनि यसै सूचनामार्फत जानकारी गराउँदछौ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI 1230006068 | नरेश कुमार अग्रवाल | बिर्तामोड-४ ,झापा |
| २. | GLI 0230000162 | दिलिप सापकोटा | बिर्तामोड-८ ,झापा |



## बिराट बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड ३, सैनिकमोड, झापा

### कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२३

यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कर्जा कारोवार गर्ने तपशील बमोजिमका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक तागेता गर्दा समेत अटेर गरि हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्नुहुन सुचित गरिन्छ। अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रक्रिया अगाडि बढाउने व्यहोरा सम्बन्धित सबैमा यसै सूचानद्धारा सूचित गरिन्छ ।

तपशील

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पत्नी |
|---|---|---|---|---|---|
| १ | पुण्य प्रसाद प्रसाई | विर्तामोड न.पा.-३ | विष्णु प्रसाद प्रसाई | जनकलाल प्रसाई | पुष्पादेवी प्रसाई |
| २ | गुञ्जन प्रसाई | विर्तामोड न.पा.-३ | पुण्य प्रसाद प्रसाई | विष्णु प्रसाद प्रसाई | कृष्ण माया प्रसाई |
| ३ | रमेश डांगी भन्ने मान वहादुर डांगी | विर्तामोड न.पा.-९ | चन्द्र वहादुर डागी | कृष्ण वहादुर डागी | लक्ष्मी बुढाथोकी डागी |
| ४ | कुमार भट्टराई | विर्तामोड न.पा.-४ | राम प्रसाद भट्टराई | पदमलाल भट्टराई | धनमाया दाहाल |
| ५ | विष्णु माया डाँगी | विर्तामोड न.पा.-९ | चन्द्र वहादुर डागी | कृष्ण वहादुर डागी | - |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# दलहरू पनि निरंकुश, सुधार चाहियो !



• सञ्जीव पोखरेल

पञ्चायती व्यवस्थाका रक्षक र प्रशंसकहरू संवैधानिक राजतन्त्र पुनर्स्थापना गर्ने बहानामा निरंकुशता फर्काउने अभियानमा आज सडकमा छन्। देशको अवस्थाबाट निराश मानिसहरूको एउटा समूह उनीहरूको साथमा छ।

नयाँ सविधान लागू भएर देश लोकतन्त्र र विकासको मार्गमा अघि बढ्ला भन्ने आशा निराशामा परिणत भएको परिस्थितिमा धार्मिक अतिवाद तथा कोरा राष्ट्रवादलाई लोकतान्त्रिक प्रणाली मास्ने हतियारका रूपमा प्रयोग गरिँदैछ।

आज देशमा जे-जस्तो परिस्थिति छ, त्यसको मुख्य कारण राजनीतिक दल र तिनका नेताको अकर्मण्यता र भ्रष्टाचार मोह नै हो भन्नेमा शंका छैन। लोकतान्त्रिक संविधान ल्याउन भूमिका खेल्ने राजनीतिक दलका नेताको भ्रष्टाचार मोह र अकर्मण्यतामा सुधार आउने सम्भावना कम भएको मानिसहरूको बुझाइ छ। यसको विपरित दलहरूले विकास गरेको नेतावाद, आसेपासेवाद र खुलेआम भ्रष्टाचार थप बलियो र संस्थागत हुँदै जाने प्रस्ट देखिएको छ।

लोकतन्त्रका पक्षधर भनिएका राजनीतिक दलहरूको कमजोरी उनीहरूको भ्रष्टाचार मोह र अकर्मण्यता मात्र होइन, अधिनायकवादी र गैरलोकतान्त्रिक चरित्र पनि हो। निरंकुशतावादीलाई आज कडा आलोचना गरिरहेका राजनीतिक दलहरू स्वयं लोकतान्त्रिक छैनन्। राजनीतिक दलहरूको लोकतन्त्रप्रतिको कृत्रिम निष्ठा र निरंकुशता मोहले पनि राजतन्त्रका पक्षधरहरूका लागि सकारात्मक वातावरण निर्माण गरेका छन्।

यो लेखमा लोकतन्त्रका पक्षधर भनिएका राजनीतिक दलका नेताका चिन्तन र व्यवहारमा निहित त्यस्ता केही पक्षको चर्चा गर्नेछु जसका कारण आज निरंकुशतावादीले लोकतान्त्रिक प्रणालीमाथि प्रहार गर्ने साहस बटुलेका छन्।

१. सञ्चार माध्यमप्रतिको अविश्वास

नेपालका कतिपय कुरा यसका विशाल छिमेकी चीन र भारतको भन्दा उन्नत र गर्व गर्न लायक छन्। त्यसमध्ये एउटा हो – सशक्त सञ्चार माध्यम।

चीनको राज्य नियन्त्रित सञ्चार माध्यम वा भारतको प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय जनता पार्टी (भाजपा) नियन्त्रित सञ्चार माध्यमका तुलनामा नेपालको सञ्चार माध्यम स्वतन्त्र छ, निडर छ।

तर नेपालका नेताले आफू सत्ता वा शक्तिमा हुँदा सञ्चार माध्यमको हुर्मत लिन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सकेसम्म प्रयत्न गरेका छन्।

'सञ्चार माध्यम विदेशीको सहयोगबाट सञ्चालित छन्' र 'उनीहरू षड्यन्त्रका एजेन्डाबाट निर्देशित छन्' भन्ने भाष्य कार्यकर्ताहरू मार्फत् घनीभूत रूपमा फैलाउन विशेषगरी एमालेका नेता तथा अहिलेका प्रधानमन्त्री मात्र नभएर अरू दलका नेताले समेत प्रशस्त मेहनत गरेका छन्। आफ्ना विरोधी ठहऱ्याइएका मूलधारे सञ्चार माध्यम तथा तिनका पत्रकार-सम्पादकलाई बदनाम गर्न राजनीतिक पार्टीका कार्यकर्ता सामाजिक सञ्जाल मार्फत् परिचालन गर्ने प्रवृत्ति राजनीतिक दलहरूमा व्यापक छ।

आफ्नो वा सरकारको समर्थन नगरेका कारण सम्पादकहरूलाई '१२ भाइ' नाम दिएर बदनाम गरिएको छ। आफ्नो पक्षमा आएका सूचना र विचारलाई निष्पक्ष पत्रकारिताका रूपमा व्याख्या गर्ने र आफूलाई आलोचना गर्ने सञ्चार माध्यमको सम्पादकीय धारलाई षड्यन्त्र भनेर आम मानिसलाई सञ्चार माध्यम विरूद्ध भड्काउने प्रवृत्तिले राजनीतिक दलमा जरा गाडेको छ।

सञ्चार माध्यमप्रति राजनीतिक दलको दुराग्रह षड्यन्त्र सिद्धान्त फैलाउनमा मात्र सीमित छैन, सञ्चार गृहमाथि 'लोकतान्त्रिक' सरकारले कतिपय सन्दर्भमा बल प्रयोग समेत गरेको छ। सरकारको जिम्मेवार भूमिकामा रहेका मानिसहरूले सम्पादक र पत्रकारमाथि आक्रमण गरेका प्रशस्त उदाहरण छन्। सञ्चार गृहमाथि आक्रमण गर्ने सन्दर्भमा सञ्चार गृह र त्यसका लगानीकर्ताका बारेमा कार्यकर्ता मार्फत् दलहरूले नियोजित रूपमा अफवाह फैलाएका छन्।

मूलधारका सञ्चार माध्यमप्रतिको दुराग्रह तथा उनीहरू विरुद्ध नियोजित रूपमा फैलाइएका अफवाहका कारण सामाजिक सञ्जालमा फैलिने अतिरञ्जित कन्टेन्ट र 'मिसइन्फर्मेसन' प्रति आम मानिसको भरोसा बढेको छ। मूलधारे मिडियामा सत्य, तथ्य नआउने बुझाइमा मानिसहरू टिकटक वा युट्युबका 'फेक न्युज' र षड्यन्त्रका सिद्धान्तहरूमाथि विश्वास गरिरहेका छन्। निरंकुशताको पक्षमा आन्दोलन गरिरहेका पञ्चहरूले यसको भरपूर फाइदा उठाइरहेका छन्।

२. धार्मिक राष्ट्रवादप्रतिको मोह

आज सडकमा आन्दोलन गरिरहेका निरंकुशतावादी पञ्चको मूल अस्त्र धार्मिक राष्ट्रवाद हो। उनीहरू धर्म र संस्कृति असुरक्षित भएको त्रास देखाएर मानिसहरूलाई सडकमा ल्याउन चाहन्छन्। धर्मलाई राज्यको संरचनासँग जोड्ने उनीहरूको चाहना यही अभिप्रायबाट निर्देशित छ।

तर, धार्मिक आस्थालाई राजनीतिक स्वार्थसँग भजाउने पञ्च मात्र होइनन्। राजनीतिक दलका नेताहरू र विशेष गरी एमालेका नेताले आफ्नो फाइदाका लागि धार्मिक राष्ट्रवादलाई सकेसम्म प्रयोग गर्न खोजेका छन्। प्रधानमन्त्री केपी ओलीले ठोरीमा रामको जन्मभूमि भेट्टाउनुको कारण यही थियो। जगमान गुरूङ विद्वान ठहरिनुको कारण यही थियो।

एमाले मात्र नभएर कांग्रेसका नेताहरूले पनि दलको चुनाव होस् वा आम निर्वाचनका बेला, मतदाता फकाउन धर्म र राष्ट्रका बारेमा विवादास्पद कुरा बोलेका छन् र आम जनतालाई भ्रमित बनाएका छन्। राजनीतक दलहरूको संकीर्णता र सत्ता स्वार्थका कारण नेपालको संविधानमा रहेको धर्म निरपेक्षताको सपाट प्रबन्धमा अहिले अनावश्यक विवाद खडा गरिएको छ।

राज्यलाई धर्मसँग मिसाउने प्रवृत्ति अधिनायकवादको विश्वव्यापी चरित्रभित्र पर्ने कुरा हो। मानिसहरूलाई धर्ममा भुलाएर निरंकुश शासकले आफ्नो शक्ति र सत्ता बलियो बनाएका छन्। नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्ने महेन्द्र शाहको कदम यही उद्देश्यको उपज थियो। नेपालका राजनीतिक दलका नेताहरूले यसको संवदेनशीलता बुझ्न सकेका छैनन् र स्वयं धार्मिक आस्थालाई सत्ताको भऱ्याङ बनाउन लालायित देखिएका छन्।

राजनीतिक दलहरूले संविधानमा विद्यमान धर्म निरपेक्षताको इमानदार व्याख्या गर्न नसक्नु र यसको उल्टो पञ्चायती राजाहरूको शैलीमा धार्मिक राष्ट्रवादप्रति मोह देखाउनुले निरंकुशतावादीलाई सहज वातावरण निर्माण भएको छ। संविधानको धर्म निरपेक्षताको अपव्याख्या गर्दै भारतका प्रधानमन्त्री मोदी र मुख्यमन्त्री आदित्यनाथले झैं बहुसंख्यक हिन्दुहरू संकटमा परेको भनेर पञ्चहरूले गरेको प्रचारमा राजनीतिक दलका कार्यकर्ताको मत मिलेको छ। राजनीतिक दलहरूको संकीर्णता र सत्ता स्वार्थका कारण राज्य र धर्मबीचको सम्बन्ध धमिलो हुँदा निरंकुशतावादीले खेल्ने मौका पाएका छन्।

३. नागरिक समाजप्रतिको वक्रदृष्टि

लोकतान्त्रिक शासन प्रणाली प्रभावकारी रूपमा चल्न सरकार मात्र पर्याप्त हुँदैन। यसमा अन्य विभिन्न क्षेत्रका अतिरिक्त नागरिक समाजको पनि सशक्त भूमिका आवश्यक हुन्छ। नागरिकको सक्रिय सहभागिताले लोकतान्त्रिक पद्धति सार्थक र जीवन्त बन्ने हो। नागरिकले सरकारका कमीकमजोरी देखाउनु र विरोध गर्नु वास्तवमा सरकारलाई नै सहयोग गरेको हो। तर यति सहज कुरा शक्ति र सत्ताको अहंकारबाट ओतप्रोत नेपालका राजनीतिक दलका नेताको मस्तिष्कमा अहिलेसम्म छिर्न सकेको छैन।

नेपालका राजनीतिक दल जब सत्तामा पुग्छन् तब उनीहरूलाई लाग्छ उनीहरू सबै कुराले पूर्ण छन्, उनीहरूसँग सबै समस्याको समाधान छ र कुनै कमी कमजोरी छैनन्। त्यसैले सडकमा निस्किएर सरकारका गलत कामहरूमा प्रश्न उठाउने वा विरोध गर्ने जोसुकैप्रति उनीहरूको वक्रदृष्टि रहने गरेको छ। सरकारको विरोध गर्ने सबै उनीहरूका शत्रु बन्ने गरेका छन्।

नागरिक आवाजलाई आफूविरूद्धको षड्यन्त्रका रूपमा बुझ्ने, उनीहरूलाई विरोध, प्रदर्शन गर्न नदिने, गरिहाले त्यसलाई रोक्न बल प्रयोग गर्ने र नागरिकले गर्ने शान्तिपूर्ण प्रदर्शन खुम्च्याउन निषेधित क्षेत्रको दायरा निरन्तर बढाउँदै लैजाने तौरतरिकालाई राजनीतिक दलले आफ्नो बुद्धिमत्ता ठानेका छन्।

न्याय र समानताको पक्षमा आवाज उठाउँदा खगेन्द्र संग्रौला, हिमा बिष्ट, सञ्जीव उप्रेती, नारायण वाग्ले आदि विभिन्न मानिसहरूमाथि राजनीतिक दलका कार्यकर्ताले निरन्तर गरिरहने आक्रमणमा राजनीतिक दलका नेताको प्रत्यक्ष साथ र सहयोग छ। हालसालै मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यमाथि सामाजिक सञ्जालमा भएका आक्रमणमा निरंकुशतावादीको मात्र नभएर, लोकतान्त्रिक भनिएका राजनीतिक दलका कार्यकर्ता पनि संलग्न थिए। सामाजिक सञ्जालमा नागरिक समाजका प्रतिनिधि पात्रमाथि निरन्तर आक्रमणमा संलग्न दलका कार्यकर्ता ठूला नेताको भान्सा र शयन कक्षसम्म पुगेर फोटो खिचाउन सफल हुनु केबल संयोग मात्र अवश्य होइन।

नागरिकले गर्ने शान्तिपूर्ण र स्वस्फूर्त विरोध, प्रदर्शन रोक्दा र नागरिक आवाजलाई निरन्तर बेवास्ता गर्दा आम मानिसमा राजनीतिक दलहरूप्रति असन्तुष्टि चुलिएको छ। यो असन्तुष्टिले हिंसात्मक स्वरूप लिइरहेको छ र यसको प्रत्यक्ष लाभ निरंकुशताको माग गर्ने पूर्वपञ्चहरूले उठाइरहेका छन्।

४. संघीयताप्रतिको अविश्वास

निरंकुशतावादी आन्दोलनको एक प्रमुख माग संघीयताको खारेजी छ। यो माग निकै गम्भीर छ र यस पछाडिको अर्थ राजनीति उत्तिकै जटिल छ। यसको चर्चाका लागि नेपालमा संघीयतालाई किन र कसरी शासन प्रणालीका रूपमा अपनाइयो भन्ने विस्तृत व्याख्यामा जानुपर्ने हुन्छ। अहिले यो लेखको प्रसंगमा सीमित रहेर संघीयताका बारेमा भइरहेका दुष्प्रचारमा राजनीतिक दलको भूमिका हेरौं।

नयाँ संविधान मार्फत् स्थापित संघीय प्रणालीलाई कार्यान्वयन गर्ने जिम्मेवारी अहिलेका राजनीतिक दल र तिनका नेताको थियो। संघीयता उनीहरूकै समझदारी र सम्झौताको परिणाम हो। तर संघीय प्रणालीलाई क्रियाशील बनाउनमा भूमिका खेल्नु त परको कुरा, अहिलेका बारम्बार सरकारको नेतृत्व गर्ने राजनीतिक दलका सबै नेताले संघीय प्रदेशलाई प्रभावकारी हुन नदिन आफ्नो तर्फबाट सक्रिय भूमिका निर्वाह गरे र गरिरहेका छन्।

आम जनताको स्वशासनको अधिकार उपयोग गर्न भनेर स्थापना गरिएका प्रदेशलाई प्रभावकारी बनाउन तिनका क्षेत्राधिकार स्पष्ट बनाउने, आर्थिक स्रोत उपलब्ध गराउने र आफ्नो प्रशासकीय संरचना निर्माण गर्न दिने आधारभूत जिम्मेवारीमा राजनीतिक दल र तिनका नेताको रूचि कहिल्यै देखिएन। प्रदेशलाई केन्द्रको सत्ता लेनदेनको 'डम्पिङ साइट' बनाइयो र प्रदेशलाई नियोजित रूपमा कमजोर बनाइयो।

'नेपालजस्तो सानो देशमा प्रदेशको काम छैन', 'प्रदेशका कारण सरकारको खर्च बढेको छ', 'प्रदेश बलियो भए देश टुक्रिन्छ' भन्नेजस्ता अफवाहलाई संविधानको कार्यान्वयन गर्ने भूमिकामा रहेका संविधानका पक्षधर राजनीतिक दल र तिनका नेताहरूले नै मलजल गरिरहेका छन्। ठूला दलका ठूला नेताका सामाजिक सञ्जाल सारथिहरू दिनरात संघीयताका विषयमा दुष्प्रचार फैलाउन क्रियाशील हुनुले संघीयताप्रति राजनीतिक दलहरूको अनिच्छालाई राम्रोसँग दर्शाइरहेको छ।

प्रदेश मात्र होइन, केन्द्रीकृत र अधिनायकवादी चिन्तन बोकेका कारण दलहरूले गाउँ तथा नगरपालिकाहरूलाई समेत आवश्यक अधिकार दिन चाहेका छैनन्। पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न महत्वपूर्ण जिम्मेवारी दिने र हरेक पालिकामा प्रमुख प्रशासकीय अधिकृत केन्द्रको मन्त्रालयले नै पठाउनुपर्ने प्रबन्ध पालिकाहरूमाथि केन्द्रको अनावश्यक नियन्त्रणको उदाहरण हो।

यसको परिणाम स्पष्ट छ – कमजोर प्रदेश तथा स्थानीय सरकार देखाएर निरंकुशतावादी र केन्द्रीकृत सोच भएका पूर्वपञ्चहरूले संघीयतालाई तारो बनाएका छन् र यसमाथि निरन्तर तीर चलाइरहेका छन्। संघीयतालाई आलोचना गर्दा नै उनीहरूको जनमत बढिरहेको छ।

५. झुटा आश्वासन, विकासका खोक्रा नारा

सकारात्मक परिवर्तन नेपालको आवश्यकता अवश्य हो। नेपाललाई विकासको खाँचो छ। राम्रा बाटाघाटा, पुलपुलेसा, हवाइअड्डा चाहिएको छ। कलकारखाना र उद्योगधन्दाको विकास हुन सके देशको विकासले गति लिन सक्छ भन्ने अपेक्षा आम मानिसहरूमा छ।

सार्वजनिक सेवाको पहुँच र गुणस्तरमा सुधारको ठूलो आवश्यकता छ।

गरिबी र अविकासको बहुआयामिक चक्र र साधनस्रोतको सीमितता झेलिरहेको नेपालमा राजनीतिक दलले हचुवामा नभई गम्भीर भएर परिवर्तनको रूपरेखा तय गर्नुपर्ने चुनौती छ। आम जनताका अपेक्षालाई देशको आवश्यकतासँग कसरी जोड्ने? देशमा उपलब्ध सीमित स्रोतलाई सकारात्मक परिवर्तनका लागि सकेसम्म प्रभावकारी ढंगले कसरी उपयोग गर्ने? उचित र अनुचित अपेक्षालाई कसरी छुट्ट्याउने? सकारात्मक परिवर्तनका प्राथमिकताबारे आम जनतासँग स्पष्ट रूपमा कसरी संवाद गर्ने?

यी प्रश्नहरूमाथि उनीहरूले गम्भीर भएर विचार विमर्श गर्नुपर्छ।

तर नेपालका राजनीतिक दल र त्यसका ठूला नेता हावादारी सपना बाँड्न; त्यसका आधारमा चुनाव जित्न र चुनाव जितेपछि पनि सम्भव नहुने र देशका लागि बिल्कुलै असान्दर्भिक परियोजनाका बारेमा मानिसलाई आश्वासन बाँड्नमा माहिर छन्। बुलेट ट्रेन, नेपाली झन्डा फहराएका पानी जहाज, घरघरमा पाइपबाट खाना पकाउने ग्यासको वितरण; यस्तै हावादारी योजनाका केही उदाहरण हुन्।

पूरा हुनै नसक्ने सपना आम जनतालाई बेचेर चुनाव जित्ने र आफ्ना आश्वासनका बारेमा जवाफदेही नहुने राजनीतिक दलको प्रवृत्तिले विकासका बारेमा गलत अपेक्षा स्थापित गरिदिएको छ। आज व्याप्त आम निराशा र दलहरूप्रतिको घृणाको एउटा कारण पूरा हुन नसकेका आश्वासन पनि हुन्, जसको प्रत्यक्ष लाभ निरंकुशतावादीले उठाइरहेका छन्।

६. संविधान संशोधनको हचुवा प्रक्रिया

संविधान परिवर्तनशील दस्तावेज अवश्य हो। यसमा देशको आवश्यकता अनुसार समय समयमा परिमार्जन हुनु स्वाभाविक छ। संसारका सबै लोकतान्त्रिक देशहरूमा संविधानका धारा वा तिनको व्याख्या परिमार्जन गरिएका छन्।

यस्तो भए पनि संविधान संशोधनको प्रक्रियाका निश्चित राजनीतिक तथा नैतिक मापदण्ड हुन्छन्।

परिमार्जन किन वा कुन उद्देश्यले गरिने हो, परिमार्जनबाट के-कस्ता सकारात्मक परिणाम हासिल हुन्छ? संशोधन चाहनेले यी प्रश्नको जबाफ प्रस्ट रूपमा आम जनतालाई दिन सक्नुपर्छ। संविधानमा गरिने वा गर्न लागिएको संशोधनका बारेमा राजनीतिक दलमा मात्र नभएर नागरिकको तहमा पनि छलफल र बहस हुनुपर्छ।

केपी ओली र शेरबहादुर देउवाबीच अहिलेको गठबन्धन सरकार बनाउने सन्दर्भमा संविधान संशोधन गर्ने सम्झौता भएको भनिएको छ। यद्यपि, यसबारे प्रस्ट जानकारी आम मानिसलाई दिन सम्बन्धित दलहरूले आवश्यक ठानेका छैनन्। गोप्य राखिएको संविधान संशोधन कसको स्वार्थमा, किन र कसरी भन्ने विषयमा आम मानिस अन्योलमै छन्।

नयाँ संविधान राम्रोसँग कार्यान्वयनमा नआउँदै संशोधनको हल्ला चल्नु र समग्र प्रक्रियालाई गुपचुप राखिनुले मानिसहरूमा यसको औचित्य र परिणामका बारेमा आशंका बढेको छ। यसका अतिरिक्त संविधान संशोधनको हल्लाले यो संविधान र यसमा विद्यमान विभिन्न लोकतान्त्रिक अवधारणालाई नरूचाउनेहरूले यसका विरूद्ध संगठित हुने अवसर आएको महसुस गरेका छन्। एकातिर संविधान संशोधनको हल्ला चल्नु र अर्कोतिर निरंकुशताका समर्थकहरू सडकमा उत्रिनुले षड्यन्त्रका सिद्धान्तलाई समेत मलजल गरेको छ।

७. नारा लोकतन्त्रको, ढर्रा निरंकुश

२०७२ मा जारी भएको नेपालको संविधानको मर्म निरंकुशताको आमूल अन्त गर्दै लोकतान्त्रिक र समावेशी प्रणालीको स्थापना गर्ने हो। यसका लागि राज्यको संरचना र शासन प्रणालीलाई लोकतान्त्रिक तथा समावेशी बनाउने त छँदैछ, कानुन वा विधिविधानमा नलेखिएका राज्य चलाउने तौरतरिकालाई पनि लोकतान्त्रिक बनाउन आवश्यक हुन्छ।

तर नयाँ संविधान जारी भइसकेपछि पनि नेपालका राजनीतिक दलको ढर्रामा कुनै परिवर्तन देखिएको छैन। सत्ता र शक्तिमा रहेका बेला आफूलाई 'राजा' ठान्ने, आम जनताका अगाडि सर्वज्ञानी भएजस्तो गरेर गफ लगाउने, अरूलाई बोल्न नदिने, अरूका कुरा नसुन्ने र संसारका सबै मानसम्मानका लागि आफूलाई लायक ठान्ने नेपाली नेताका बकम्फुसे ढर्राबाट आम मानिस आज वाक्क भएका छन्।

कतिपय सन्दर्भमा त यस्ता ढर्राले सीमा नाघेका पनि छन्। राष्ट्रपतिको सवारी चलाउने नाममा सुरक्षा निकायले सडकमा मच्चाएका आतंक र प्रधानमन्त्रीलाई कालो झण्डा देखाएको भनेर मानिसहरूमाथि गर्ने धरपकड नेपालका राजनीतिक दलका नेताका अहंकारी चरित्रका ती उदाहरण हुन् जसले जनताको स्थान सर्वोच्च रहने लोकतन्त्रको मर्मको खिल्ली उडाइरहेका छन्।

काठमाडौंका सरकार चलाउनेका आवाज कर्कश र ढाँचाढर्रा लज्जास्पद त छँदैछन्। यही प्रवृत्ति वनमारा झारजस्तो स्थानीय स्तरसम्म फैलिएको छ। स्रोताभन्दा बढी अतिथि मञ्चमा राखेर हास्यास्पद कार्यक्रम गर्ने, पिर्कामा उभिएर प्रहरीको सलामी लिने अनि ठाउँकुठाउँ घन्टौं बेतुकका भाषण गर्ने राजनीतिक दलहरूमा फैलिएको रोगले लोकतन्त्रलाई भद्दा मजाक बनाइरहेको छ। यसबाट आम मानिस आजित छन् र लोकतन्त्रप्रतिको आस्था र सम्मानमा यसले प्रशस्त क्षति पुऱ्याएको छ।

लोकतान्त्रिक प्रणाली सम्झौताको विषय हुन सक्दैन। लोकतन्त्र र यससँग जोडिएका राजनीतिक अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, सामाजिक न्याय, समानता र समावेशिता आदिको औचित्यमाथि प्रश्न गर्नु भनेको प्रश्न गर्ने अधिकारमाथि नै प्रश्न गर्नु हो। त्यसैले, पञ्चहरूले प्रस्तुत गरेको राजतन्त्र पुनर्स्थापनाको समाधान आफैमा हास्यास्पद र विसंगतिपूर्ण छ।


आम जनता सडकमा निस्किने लोकतन्त्रको माग लिएर हो। 'मेरो अधिकार कम गरिदेऊ' भनेर कोही सडकमा निस्किँदैन। त्यसैले निरंकुशताको पक्षमा हुने सडक प्रदर्शन या प्रायोजित हो या निश्चित असन्तुष्टिको अभिव्यक्ति!

तर आज हामीले एउटा महत्वपूर्ण प्रश्न बेवास्ता गर्न मिल्दैन।

त्यो हो – आफूलाई लोकतन्त्रवादी भन्ने दलहरू आफैमा भने कति लोकतान्त्रिक छन्? राजनीतिक दल र तिनका नेताका चरित्रको मूल्यांकन गर्दा सहजै देखिने कुरा के हो भने दलहरूमा लोकतान्त्रिक चिन्तन र संस्कारको व्यापक अभाव छ। उनीहरू नाममा लोकतान्त्रिक छन् तर व्यवहारमा उनीहरूलाई निरंकुशता प्यारो छ।

त्यसैले लोकतन्त्र जोगाउने जिम्मा राजनीतिक दललाई मात्र दिएर पुग्दैन। यसका लागि नागरिकले पनि सक्रिय भूमिका खेल्नुपर्छ। नाम र कर्म दुवैले निरंकुशताका पक्षपाती पूर्वपञ्च र नामले लोकतान्त्रिक तर व्यवहारमा निरंकुश नेपालका राजनीतिक दलहरूलाई सिद्धान्त र व्यवहार दुवैमा लोकतान्त्रिक बन्न बाध्य बनाउने नागरिक समाजको भूमिका आज थप महत्वपूर्ण बनेको छ।

निरंकुशतावादीहरूले राजनीतिक दलको कमजोरीलाई तानाशाही स्थापना गर्ने अवसरका रूपमा उपयोग गर्न प्रयास गरिरहँदा लोकतन्त्रका पक्षधरहरूले राजनीतिक पार्टीका निरंकुशताका बारेमा आवाज उठाउनुपर्ने आवश्यकता छ।



## सम्पादकीय

## प्रतिकुल हावापानी

काठमाडौं सहर विश्वकै प्रदूषित सहर बनेको छ । एयर क्वालिटी इन्डेक्सका अनुसार शुक्रबार साँझ ७ बजे काठमाडौंको वायु गुणस्तर १८२ एक्यूआई पुगेसँगै विश्वकै प्रदूषित बनेको हो ।

एक सातादेखि काठमाडौंको वायु प्रदूषित विश्वकै प्रदूषित सहरमा उक्लिरहेको छ । काठमाडौंको हावा प्रदूषित बनेसँगै छाती, आँखा, नाक, कान र घाँटीका बिरामीसमेत बढेका छन् ।

साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र काठमाडौं महानगरपालिकाले सूचना जारी गरेर बाहिर निस्कँदा मास्क अनिवार्य प्रयोग गर्न, अनावश्यक प्रदूषण नफैलाउन अनुरोध गरेको छ । योसँगै विज्ञहरूले काठमाडौं हावाले खतरनाक तह पारगरेसँगै विज्ञले साताको दुई दिन बिदा दिनसमेत सुझाएको थियो । यसैगरी सरकारले यसमा छिटो निर्णय लिने जनाएको छ ।

बिहीबार काठमाडौंको वायु गुणस्तर खतरनाक तह अर्थात् ३८४ एक्यूआई पुगेको थियो ।

वायु प्रदूषणका कारण काठमाडौँ उपत्यका केही दिनयता विश्वकै पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ । 'एयर क्वालिटी इन्डेक्स' को तथ्यांक हेर्दा बिहीबार मध्याह्नसम्ममा पनि पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भई वायु प्रदूषण ३४८ एक्यूआईसम्म पुगेको थियो। शुक्रबार भने आंशिक रुपमा खुलेर घाम लाग्यो ।

त्योसंगै नेपालमा तापक्रमसँगै ताता दिनको संख्या पनि बढिरहेको छ। विश्व उष्णीकरणको प्रभावमा तातो हावाको लहर प्रमुख प्रकोप बन्ने जोखिम देखिंदै छ। मर्सी कोर नेपाल संस्थाले सुदूरपश्चिम र मधेश प्रदेशमा गरेको अध्ययनमा तराई–मधेशका साथै चुरे क्षेत्रका खोंच, पहाडी र उच्च पहाडी उपत्यकामा लूको जोखिम थप बढेको उल्लेख छ।

सुदूरपश्चिममा डडेल्धुराका आलिताल र परशुराम गाउँपालिका साथै पहाडी क्षेत्रका उपत्यका र खोंचमा गर्मी यामको तापक्रम ३५ डिग्री सेल्सियसभन्दा माथि जान थालेको पाइन्छ। कैलालीको अत्तरिया केन्□को ३४ वर्षयताको अभिलेख अनुसार १६ जून १९९५ मा त्यहाँको तापक्रम ४६.४ डिग्री पुगेको थियो। यस अवधिमा करीब ५५ प्रतिशत दिनहरूमा त्यहाँको अधिकतम तापक्रम ३०.६० डिग्री थियो।

जल तथा मौसम विज्ञान विभागका अनुसार सन् २०२४ मा अत्तरियामा तापक्रम धेरै दिन ४० डिग्रीभन्दा माथि रहँदा मे ३० का दिन ४४.१ डिग्रीसम्म पुग्यो। मे महीनामा यो तापक्रम त्यहाँ अहिलेसम्मकै बढी हो। सोही दिन कैलालीको टीकापुरमा पनि ४४.४ डिग्री पुगेर तापक्रमको नयाँ अभिलेख कायम भएको थियो। पहाडी भेगमा समेत गर्मी अत्यधिक बढेको छ। बैतडीको गोठालापानीमा मे ३१ का दिन ३८.५ डिग्री, मे १८ मा बैतडीको पाटनमा ३६.२ डिग्री र मे १८ मा डडेल्धुरा स्टेशनमा ३२.३ डिग्री पुग्यो जुन ती ठाउँका अहिलेसम्मकै उच्च तापक्रम हुन्। मोडिस भू–उपग्रहको तथ्यांक विश्लेषण गर्दा धनगढीमा सन् २०१५ देखि २०२२ सम्म अधिकतम तापक्रम ४० डिग्रीभन्दा माथि पुगेको थियो।

पहाडी भेगमा तापक्रमले रेकर्ड नाघेका उदाहरण अरू पनि छन्– १६ जून २०२४ मा बैतडीका गोठालापानीमा र ८ तारीखमा पाटनमा ३९ डिग्री मापन भएकामा जून १५ मा बझाङको चैनपुरमा ३७.६, दार्चुलामा ४० र जुलाई २८ मा बाजुराको मार्तडीमा ३१.५ डिग्री पुगेको थियो।

मधेश प्रदेशका हकमा विसं २०७९ (सन् २०२३) चैतको अन्तिम सातादेखि २०८० वैशाखको दोस्रो सातासम्म सबै प्रमुख शहरमा लू फैलिएको थियो। हिउँदे वर्षा कतै कम त कतै अलिकति पनि नहुँदा गर्मी अत्यधिक बढेको उक्त वर्ष मनसुन आउनै ढिलो हुँदा जेठ २० देखि असारको पहिलो सातासम्म पनि लूको प्रकोप देखिएको थियो। विभागको प्रतिवेदनमा उल्लेख भए अनुसार उक्त अवधिमा मधेश प्रदेशका प्रायजसो भूभागमा धेरै दिनको तापक्रम ४० डिग्रीभन्दा माथि पुग्यो। प्रदेशभरिको अधिकतम तापक्रम कम्तीमा ३८ देखि बढीमा ४३ डिग्रीसम्म थियो।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पाथिभराका विद्यार्थीहरू समुदायको समस्यामा



भद्रपुर(प्रस) । भद्रपुर ७ स्थित ओम साई पाथिभरा नर्सिङ कलेजमा अध्ययनरत विद्यार्थीहरू पढ्दै समुदायको समस्याको पहिचानमा जुटिरहेका छन् ।
नर्सिङ विषयमा अध्ययन गरिरहेका ४० जना छात्राहरूले परियोजनाअन्तर्गत सामुदायिक स्वास्थ्यका क्षेत्रमा स्थलगत अध्ययन गरी आर्थिक, सामाजिक अवस्था र रोगको संक्रमण बारेमा अनुसन्धान गरिरहेका हुन् ।
छात्राहरूले भद्रपुर ५ लाई अध्ययनको केन्द्र बनाएर एक महिनायता गरिरहेको अध्ययन सार्वजनिक गर्दै दिएको जानकारी अनुसार नसर्ने रोगको प्रकोप निकै उच्च देखिएको छ । ५ सय जना स्थानीयको अध्ययन गर्दा उच्च रक्तचाप, क्यान्सर, मधुमेहका रोगी ६० प्रतिशतभन्दामाथि भेटिएको छ भने सरूवा रोग ४० प्रतिशतमुनि देखिएको छ । उनीहरूको अध्ययनको निष्कर्ष अनुसार बदलिदो जीवनशैली र बढ्दो विषादियुक्त खाद्यान्नका कारण नसर्ने रोगले समाजमा प्रभाव बढाउन थालेको हो ।
अस्पतालका निर्देशक बालकुमार पोखरेलको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सामुदायिक स्वास्थ्य कार्यक्रमअन्तर्गत कलेजद्वारा आयोजित स्वास्थ्य चेतना कार्यक्रम एवम् एकदिने निःशुल्क स्वास्थ्य शिविरसमेत सम्पन्न गरिएको थियो ।
विद्यार्थीहरूले स्वास्थ्य जीवनशैलीका लागि आवश्यक विभिन्न खाद्य पदार्थ, औषधीलगायतको निर्माण, उपयोग बारेमा विविध जानकारी दिँदै सामग्री प्रदर्शनी समेत गरेका थिए । स्वास्थ्य शिविरमा दुई सय बढी व्यक्तिले लाभ लिएका थिए । प्राविधिक तथा विशेषज्ञ सेवा ओम साई पाथिभरा अस्पतालका डाक्टरहरूको रहेको थियो ।

# उज्यालो ब्रान्डको चामलमा 'अखाद्य वस्तु' भेटिएन

मेचीनगर(प्रस) । मेचीनगर-७ स्थित राधाकृष्ण इण्डष्ट्रिजले उत्पादन गरेको उज्यालो ब्राण्डको मनसुली चामलको नमुना जाँच गर्दा अखाद्य वस्तु नभेटिएको रिपोर्ट सार्वजनिक भएको छ ।
मिसावट नभएको रिपोर्ट आएपछि शुक्रवार मेची उद्योग वाणिज्य संघमा चामलको उत्पादन गर्ने इटाभट्टास्थित राधाकृष्ण इन्डस्ट्रिजका सञ्चालक अरुण साह र संघका पदाधिकारीले पत्रकार सम्मेलन गरेर रिपोर्टबारे जानकारी दिएका हुन् ।
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाले धुलाबारीस्थित एक किराना पसलबाट संकलन गरेको चामलको नमुना जाँच गर्दा अखाद्य वस्तु नभेटिएको रिपोर्ट दिएको छ ।
मेचीनगर-१० का नजरलाल राजवंशीले उक्त किराना पसलबाट किनेर लगेको चामलमा अखाद्य वस्तु मिसावट भएको दावी गर्दै यही चैत ३ गते इलाका प्रहरी कार्यालय धुलाबारीमा उजुरी दिएका थिए ।
उक्त उजुरीका आधारमा प्रहरीले थप कारवाही अघि बढाइदिन खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापालाई पत्राचार गरेको थियो ।
पत्राचारपछि कार्यालयका खाद्य निरीक्षण अधिकृत सागरराज पोखरेलले धुलाबारीको किराना पसलमा आएर जाँचका लागि चामलको शिलबन्दी नमुना लिएर गएका थिए ।
उक्त नमुना विराटनगरस्थित प्रादेशिक खाद्य प्रयोगशालामा जाँचिएको थियो । प्रयोगशाला जाँचबाट उक्त चामलमा अखाद्य वस्तु मिसावट नभएको र नेपाल सरकारले तोकेको अनिवार्य गुणस्तरअनुरुप पाइएको रिपोर्टमा उल्लेख छ ।
उक्त उद्योगले उत्पादन गरेको उज्यालो ब्रान्डको मन्सुली चामलमा प्लास्टिक मिसावटको दावी गर्दै उजुरी परेको थियो ।

डिभिजन कार्यालयले जाँचको रिपोर्ट आइसकेकाले उक्त ब्रान्डको चामलको बिक्री वितरण खुला गरिदिएको छ ।
मेची उद्योग वाणिज्य संघका अध्यक्ष खेमराज प्रसाईको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा सञ्चालक साह, संघका वरिष्ठ उपाध्यक्ष कपिल क्षेत्री (किशोर), पूर्व अध्यक्ष विजय डालमिया, वडा नं.७ का वडाध्यक्ष प्रल्हादमणि ओलीलगायतले पत्रकारको जिज्ञासाको जवाफ दिएका थिए ।कार्यक्रमको सहजीकरण संघका महासचिव दिनेश शाक्यले गरेका थिए ।

# ३९५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण



झापा(प्रस) । झापा गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत ३९५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ ।
पालिकाको सभाहलमा आयोजना गरिएको छात्रवृत्ति वितरण कार्यक्रममा डिल्लीराज मावि , जनकल्याण मावि र जनता माविमा कक्षा ११ र १२ मा अध्ययनरत ३९५ छात्रछात्रालाई करिब ४३ लाख बराबरको छात्रवृत्ति वितरण गरिएको शिक्षा समिति अध्यक्ष एवं कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले जानकारी दिइन् ।
झापा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु उच्च शिक्षाबाट बन्चित हुनु नपरोस् भन्ने निर्वाचित पालिका अध्यक्ष जयनारायण शाहले अगाडि बढाएको नीति तथा कार्यक्रम अनुसार छात्रवृत्ति , साइकल वितरण जस्ता महत्पूर्ण कार्यक्रमलाई निरन्तरता दिदै अगाडि बढेको कार्यक्रमको अध्यक्ष समेत रहेकी थपलियाले बताइन् ।
शिक्षा ,स्वास्थ्य र कृषिलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढेको जिकिर गर्दै विद्यार्थीलाई पालिकाले गरेको सहयोगको प्रतिफल देखिनु पर्ने र त्यसको लागि शिक्षक ,विद्यार्थी र अभिभावकले गहन भएर अगाडि बढ्नु पर्ने समेत बताइन् ।
झापा गाउँपालिक भित्र ११-१२ संचालित ३ वटा विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले बताए । थपलियाका अनुसार कक्षा ११ मा अध्ययनरन विद्यार्थीले जनही ९ हजार २ सय ५० रुपैयाँ , कक्षा १२ मा अध्ययनरत विद्यार्थीले जनही ११ हजार २ सय रुपैयाँ र प्राविधिक धार ( बाली बिज्ञान )मा ११-१२ मा अध्ययनरत विद्यार्थीलाई जनही १२ हजार रुपैयाँको दरले छात्रवृत्ति प्रदान गरिएको छ ।

शिक्षा शाखा प्रमुख जीवन ढकालले दिएको जानकारी अनुसार शुक्रबार छात्रवृत्ति प्राप्त गर्ने डिल्लीराज माविका ५७ जना कक्षा ११ र १३६ जना कक्षा १२ का विद्यार्थी रहेका छन्।
त्यसैगरी जनता माविका प्राविधिक धारतर्फ कक्षा ११ का १० र कक्षा १२ का ९ विद्यार्थी थिए भने साधारणतर्फ कक्षा ११ का ४५ र कक्षा १२ का १०६ विद्यार्थी रहेका थिए ।
जनकल्याण माविमा अध्ययनरत कक्षा १२ का ३२ विद्यार्थीलाई समेत पालिकाले नीति तथा कार्यक्रममार्फत छुट्याएको रकमबाट छात्रवृत्ति प्रदान गरिएको हो ।
छात्रवृत्ति प्रदान कार्यक्रममा वडा अध्यक्ष राजकुमार यादव ,सखीचन्द्र ठाकुर , गाउँ शिक्षा समिति सदस्य सुन्दरलाल गणेश , नेपाल शिक्षक महासंघ झापा गाउँपालिका अध्यक्ष जगन्नाथ राजवंशी ,सचिव टीकाप्रसाद कट्टेलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# कोशीका स्वास्थ्यमन्त्रीले रोके सीटी स्क्यान मेसिन खरिद प्रक्रिया

झापा(प्रस) ।कोशी प्रदेश सरकारका स्वास्थ्यमन्त्री भुपेन्द्र राईले जिल्ला अस्पताल संखुवासभामा 'सीटी स्क्यान मेसिन' खरिद प्रक्रिया रोक्न पत्राचार गरेका छन् । प्रदेश सरकारले सीटी स्क्यान मेसिन खरिदका लागि यो वर्ष ७ करोड छुट्याएको थियो।
गत आर्थिक वर्षमा पनि ३ करोड रुपैयाँ 'मेसिन' खरिद गर्न अपुग भएकाले 'फ्रिज' भएको थियो । जिल्ला अस्पतालमा संखुवासभासहित भोजपुर, धनकुटा र तेह्रथुमसम्मका बिरामी उपचारका लागि आउँछन् । सामान्य दुर्घटना भएका बिरामी सीटी स्क्यानका लागि धेरै रकम खर्चेर सुविधासम्पन्न अस्पतालमा 'रेफर' गर्नुपर्ने अवस्था छ ।
प्रदेशका स्वास्थमन्त्री राईको चैत १७ को मन्त्रिस्तरीय निर्णयले सीटी स्क्यान मेसिन खरिद कार्यक्रम कार्यान्वयन नगर्नु भनेर अस्पताललाई पत्राचार गरेको छ । मेसिन खरिद कार्यक्रम कार्यान्वयन नगर्ने मन्त्रिस्तरीय निर्णय भएको स्वास्थ्य मन्त्रालयले पत्रमार्फत जानकारी गराएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुमन शाक्यले बताए।
'मन्त्रालयले एकलौटी निर्णय गरी कार्यक्रम नै रोक्ने निर्णय गरेको छ,' उनले भने, 'राजेन्द्र कार्की स्वास्थ्यमन्त्री भएको बेला दुर्गम हिमाली जिल्लामा मेसिन खरिदका लागि बजेट विनियोजन भएको थियो।' बजेट विनियोजन भइसकेको 'सीटी स्क्यान मेसिन खरिद' कार्यक्रम कार्यान्वयन गराउन माग गर्दै सर्वदलीय टोलीले कोशी प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई समेत गत फागुन २ मा भेट गरेको थियो ।
त्यसबेला स्वास्थ्यमन्त्री राई र मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चाँडै खरिद प्रक्रिया अघि बढाउने आश्वासन दिएर टोलीलाई फर्काएको थियो । जिल्लाबाटै सेवा सञ्चालन गर्न सकेमा 'सीटी स्क्यान'का लागि सर्वसाधारणले ठूलो धनराशी खर्च गर्नुपर्ने अवस्थाको अन्त्य हुने समन्वय प्रमुख शाक्यले बताए । सीटी स्क्यान खरिद प्रक्रिया रोकिएपछि समाजवादी मोर्चाले पनि विरोध जनाएको छ ।

# प्रधानमन्त्रीले तीनजुरे क्षेत्रबाट 'पर्यटन वर्ष 'उद्घाटन गर्ने



झापा(प्रस) । कोशी प्रदेश सरकारले चैत २७ गते तेह्रथुमको तीनजुरे क्षेत्रबाट 'पर्यटन वर्ष २०८२' को उद्घाटन गर्ने भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले 'पर्यटन वर्ष २०८२' को उद्घाटन गर्ने भएका हुन् ।
चैतको तेस्रो साता बित्दा समेत उद्घाटन गर्ने क्षेत्रमा लालीगुराँस नफुलेपछि बाटोको आसपासको गुराँसको कोपिलामा लागेको धुलो र धुवाँ पखाल्न पानी हाल्ने काम भैरहेको लालीगुराँस नगरपालिकाका प्रमुख अर्जुन माबोहाङले बताए।
तीनजुरे लालीगुराँसको राजधानी मानिन्छ, जहाँ ३२ प्रजातिका गुराँस पाइन्छन्। नेपालमा पाइने ३६ मध्ये ३२ प्रजातिका गुराँस यही क्षेत्रमा पाइन्छन्।

# कार्यवाहक प्रधानमन्त्रीले बोलाएको वार्तामा शिक्षकहरू नजाने

झापा(प्रस) । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले बोलाएको वार्तामा विभिन्न जिल्लाबाट काठमाडौँ आएर आन्दोलन गरिरहेका शिक्षकहरू नजाने भएका छन् । कार्यवाहक प्रधानमन्त्री सिंहले दिउँसो तीन बजे आन्दोलनरत शिक्षकहरूलाई वार्तामा बोलाएका थिए ।

त्यो वार्तामा आफूहरू नजाने विद्यालय कर्मचारी परिषद् अध्यक्ष गङ्गाराम तिवारीले जानकारी दिए । 'हामी उहाँले बोलाएको छलफलमा जाँदैनौ,' तिवारीले भने, 'प्रधानमन्त्रीसँग बाहेक अरूसँग वार्ता गर्दैनौँ ।' विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै देशभरका शिक्षकहरू काठमाडौँ आएर चैत २० गतेदेखि आन्दोलन गरिरहेका छन् ।

# सांस्कृतिक महासंघ झापाको नयाँ समिति गठन

बिर्तामोड(प्रस)। नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले नेपाल सांस्कृतिक महासंघलाई पालिका तहसम्म विस्तार गर्न आग्रह गरेका छन् ।
नेपाल सांस्कृतिक महासंघ झापाको तेस्रो जिल्ला अधिवेशन कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै सभापति थेवेले झापामा चारतारे सांस्कृतिक समूह गठन गर्दाको इतिहास सम्झदै प्रत्येक पालिका तहमा संगठन बिस्तार गर्न आग्रह गरेका हुन् ।
पालिका तहमा संगठन नहुँदा कला, संस्कृति क्षेत्रका लागि पालिकामा छुट्याइएको बजेट फ्रिज हुने अवस्था रहेको बताउँदै उनले योजना बनाउँदा पालिका तहबाट बजेट बढाउन सकिने आश्वासन दिए । संगठन बिस्तार र सक्रियताका लागि पार्टीले सबै प्रकारको सहयोग गर्ने सभापति थेवेले प्रतिबद्धता जनाए ।
कार्यक्रमका विशेष अतिथि नेपाल सांस्कृतिक महासंघका केन्द्रीय अध्यक्ष तीर्थ थापाले सांस्कृतिक क्षेत्रमा लगानी नगरेसम्म मुलुक समृद्ध नहुने धारणा राख्दै पालिका तहमा छुट्याइएको बजेट उपयोग गर्न मातहतका समितिलाई आह्वान गरे । २००८ सालमा बि. पी. कोइरालाको नेतृत्वमा नेपाल सांस्कृतिक परिषद गठन भएको जानकारी दिँदै उनले त्यसबेला सचेतना अभिबृद्धिको मुख्य माध्यम गीत, सङ्गीत नै रहेको बताए।




नेपाल सांस्कृतिक महासंघका महासचिव शिवशंकर रिजाल (जोगिन्दर)ले हरेक जातजातिको संस्कृति उत्तिकै महत्वपूर्ण रहेको बताउँदै कला संस्कृतिको संरक्षणले देश समृद्ध हुने धारणा राखे ।
कार्यक्रममा नेपाली कांग्रेस झापाका सदस्य सरस्वती सिटौला, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, क्षेत्र नम्बर-१ का सभापति इन्द्र बुढाथोकी, नेपाल सांस्कृतिक महासंघका केन्द्रीय सदस्य डीकबहादुर बुढाथोकी , दीपक उप्रेती, बालकृष्ण निरौला, सरिता राई, बाग्मती प्रदेश सभापति राजेन्द्र के सी, कोशी प्रदेश सभापति चिरञ्जीवी बस्नेत, बाग्मती प्रदेशका महासचिव प्रभाकरदेब शर्मा, टंक बिश्वकर्मालगायतले शुभकामना मन्तब्य राखेका थिए ।खड्ग रायमाझी, सन्तोष रायमाझी, अनिसा गणेश, लिरिक्स राज्यलक्ष्मी पौडेल, हरिप्रसाद काफ्लेलगायतले गीत प्रस्तुत गरेको कार्यक्रममा स्वागत मन्तव्य अनुरोध नेपालले गरेका थिए ।
नेपाल सांस्कृतिक महासंघ झापाका अध्यक्ष किरण शिवाकोटीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन मिनु ओलीले गरेकी थिइन् । कार्यक्रमका अधिकांश बक्ताहरुले कला र संस्कृतिमार्फत समाज रुपान्तरण सहज हुने, मानिसहरुलाइ छिट्टै आकर्षण गर्न सकिने बताउँदै कलाकर्मीहरुको सम्मानका लागि राज्यको दृष्टिकोण सकारात्मक हुनुपर्ने धारणा राखेका थिए ।

यसैबीच महासंघको तेस्रो जिल्ला अधिवेशनले कुमार सिलवालको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत गठन गरेको छ । गठित समितिको उपाध्यक्षमा गोमा नेपाल, सचिवमा मनोज नेपाल, सहसचिवमा अनिसाकुमारी गणेशलाई चयन गरेको छ । समितिका सदस्यहरुमा हरिप्रसाद काफ्ले, कुमार सुब्बा, दीपक खतिवडा, अम्बिका ओझा, इन्द्रप्रसाद कडरिया, मनिषा घिमिरे, अनिता पौडेल, भक्ति सिटौला, सुरेश थिङ, आकृति पौडेल, सर्जन गहतराज, टिकेन्द्र खनाल, मनमाया संग्रौला, सृष्टि आचार्य, सञ्जय शिवाकोटी, कनकसिंह राजवंशी र राजीव थापा रहेका छन् ।अधिवेशनले किरण शिवाकोटी, पुनितकुमार बंशल, मिलनकुमार ढुङ्गाना, अग्निप्रसाद राई, रमेश धमला, कल्पना राई, दिपा खरेल, रोहित नेपाल र टंक ढकाललाई महाधिवेशन प्रतिनिधि चयन गरेको छ ।

यसैगरी प्रदेश अधिवेशन प्रतिनिधिमा नविनराज भट्टराई, अर्जुन खरेल, जितेन्द्र श्रेष्ठ, विनोद अधिकारी, निरज पोखरेल, मनोज नेपाल, अम्बिका मिश्र, अग्नेश दाहाल, रमेश चौधरी, कौशल भण्डारी, सुनिल भण्डारी, तारा ढकाल, रेनुका गौतम र भावना लुइटेल चयन भएका छन् ।
अधिवेशनले टंक विश्वकर्माको संयोजकत्वमा हस्त परियार, खड्ग रायमाझी, अर्जुन तिम्सिना, अनिरुद्र ओली, तुलसी ओली, उमाकान्त बास्तोला, कृष्णप्रसाद पौडेल, सन्तोष रायमाझी र लक्ष्मी भण्डारीलाई सल्लाहकार सदस्यमा चयन गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । शेयर बजारको साथ मिल्नेछ ।
**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
**मिन** पारिवारिक जमघटको वातावरण बन्ला ॥ व्यापार, व्यवसायमा पर्याप्त लाभ मिल्नेछ